# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अर्खाकाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.:
प.सं.: २०८३/०८४

सुचना नं १२

मितिः-२०८३।०५।१०

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्ने सम्बन्धि अत्यन्तै जरुरी सूचना !

यस मालिका गाउँपालिकाको खानेपानी उपभोक्ता समिति व्यवस्थापन **कार्यविधि २०७९ को परिच्छेद-३ को दफा ४** अनुसार स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवम् अन्य घरेलु प्रयोगका लागि गाउँपालिकामा खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरी उपभोक्ता समिति स्थापना गर्ने स्पष्ट व्यवस्था भएकोमा हाल सम्म यस गाउँपालिकामा सोही व्यवस्था अनुसार कुनै पनि त्यस्ता प्रकारका खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता हुन नआएकोले हाल स्थानयि स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवम् अन्य घरेलु रुपमा प्रयोगमा आईरहका एवम् प्रयोगमा ल्याउन बाँकी रहेका विभिन्न टोल, वस्ती र गाउँ स्तरका उपभोक्ताहरुले यसै साथ संलग्न अनुसुचि २ बमोजिमका आवश्यक कागजातहरु सहित अनिवार्य रुपमा **२०८३ साल आश्विन मसान्त भित्रमा** यस गाउँपालिकामा खानेपानी उपभोग प्रयोजनार्थ खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु गराउनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त अवधि भित्रमा खानेपानी प्रयोग गरिरहेका सम्पूर्ण टोल, वस्ती र गाउँस्तरका उपभोक्ताहरुले आ-आफ्नो नाममा उपभोक्ता समिति दर्ता नगरेमा गाउँपालिका बाट नियमानुसार कारवाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

(**पूनश्चः वडा कार्यालय एवंम् जनप्रतिनिधिज्यूहरुले आवश्यक समन्वय गरी दर्ता गर्ने वातावरण तयार गर्नुहुन**)

विवेक खनाल
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि २
### (दफा ६(क) संग सम्बन्धित)
### निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु

१. अनुसुचि १ बमोजिमको निवेदन फारम थान १ ।

२. अनुसुचि ५ बमोजिमको विधान ३ प्रति (हरेका पान्नामा सम्पुर्ण सदस्यहरुले सहि गरी समितिको छाप लगाइएको)।

३. पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपि ।

४. सर्जिमिन मुचुल्कामा हस्ताक्षर गर्ने सर्वसाधारणको नागरिकताको प्रतिलिपि । ५. वडा कार्यालयको निर्णय सहितको अनुसुचि ४ बमोजिमको सिफारिस पत्र ।

६. साधारण सभाको निर्णयको प्रतिलिपि (संस्था दर्ता सम्वन्धि मनसाय, पदधिकारी चयन, अख्तियारी प्रदान) (शुरु आम भेलामा वडाको निर्वाचित पदाधिकारको उपस्थिति सहितको निर्णयको प्रतिलिपि)।

७. मुहानको प्राविधिक नक्शा वा सामुदायिक नक्शा (प्रमाणित)।

८. उपभोक्ता समुदाय देखी मुहानको दुरी ।

९. मुहान व्यक्तिगत भएमा मन्जुरीनामा तथा लालपुर्जाको प्रतिलिपि ।

१०. सम्वन्धित वडा कार्यालयले तयारपारेको सर्जिमिन मुचुल्का ।

११. गाउँपालिकाको राजश्व शाखामा रु १०० तिरेको नगदि रसिद।

१२. सम्बन्धित वडामा वन उपभोक्ता समिति गठन भएको उक्त वन भित्र खानेपानी उपभोक्ता समितिको मुहान पर्ने नपर्ने हो सो सम्बन्धमा वन उपभोक्ता समितिको सिफारिस पत्र ।

१३. खानेपानी उपभोक्ता समिति दर्ताका लागि सहयोग गर्ने संस्थाको आर्थिक प्रतिवद्धता सहितको सिफारिस पत्र।

१४. समितिको छाप